# स्थानीय राजपत्र

## माडी नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

बसन्तपुर,चितवन

बागमती प्रदेश नेपाल

माडी नगरपालकिाद्वारा प्रकाशित

**खण्डः १०  आश्विन १५ गते,२०८३ संख्या-७ भाग-२**


### माडी नगरपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८३

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम माडी नगर कार्यपालिकाले बनाएको तल उल्लेख भए बमोजिमको कार्यविधी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

# माडी नगरपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८३
## (नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०६।१५ गते )

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची-८,प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यविस्तृतीकरण, २०७३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएबमोजिम आधारभूत र माध्यमिक शिक्षासम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र नियमन गर्नेलगायतका कार्यहरू स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भएको र माडी नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा महिला शिक्षकहरूका लागि तोकिएको प्रसूति बिदा एवम् शिक्षकहरूले पाउने लामो अवधिको तलबी बिदा तथा न्यून दरबन्दीका कारण शिक्षक अभाव भई शैक्षिक गुणस्तरमा ह्रास आउन नदिन, साथै युवाहरूमा स्वयंसेवी भावनाको विकास र सामाजिक जिम्मेवारी बोध गराउने उद्देश्यले माडी नगरपालिकाको स्वयंसेवक शिक्षक छनोट पद्धतिलाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

### परिच्छेद-१ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८३" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "नगरपालिका" भन्नाले माडी नगरपालिका सम्झनुपर्छ।

(ख) "शाखा" भन्नाले माडी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ।

(ग) "नगर शिक्षा अधिकारी" भन्नाले माडी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ।

(घ) "विद्यालय" भन्नाले माडी नगरपालिकाभित्र आधारभूत तथा माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालय सम्झनुपर्छ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले सम्बन्धित सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(च) "शिक्षा समिति" भन्नाले माडी नगर शिक्षा ऐन, २०७७ बमोजिम गठित नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(छ) "शिक्षक" भन्नाले विद्यालयका अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउँछ।

(ज) "स्वयंसेवक शिक्षक" भन्नाले यस कार्यविधिको दफा ४ बमोजिम छनोट भई सामुदायिक विद्यालयमा खटिने स्वयंसेवक शिक्षकलाई सम्झनुपर्छ।

(झ) "रोस्टर" भन्नाले स्वयंसेवक शिक्षकका लागि दरखास्त दिई मापदण्डबमोजिम मूल्याङ्कन भई योग्यताक्रममा रहेका उम्मेदवारहरूको सूचीलाई सम्झनुपर्छ।

## परिच्छेद-२ः विद्यालय छनोट तथा कोटा निर्धारण

**३. स्वयंसेवक शिक्षक खटाउने आधार र कोटा निर्धारणः** नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा स्वयंसेवक शिक्षक खटाउँदा र कोटा निर्धारण गर्दा देहायबमोजिमका आधारमा गरिनेछः

(क) **कोटा निर्धारणः** नगरपालिकाले विनियोजित गरेको वार्षिक बजेट तथा कार्यक्रमका आधारमा शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा नगर शिक्षा समितिले स्वयंसेवक शिक्षकको समग्र कोटा सङ्ख्या निर्धारण गर्नेछ।

(ख) **विद्यमान दरबन्दीको गणनाः** विद्यालयमा हाल कायम रहेको स्वीकृत शिक्षक दरबन्दी, राहत अनुदान कोटा र अन्य कुनै प्रकारका अनुदान कोटासमेतलाई गणना गरेर मात्र विषयगत शिक्षक अपुग भएको अवस्था यकिन गरिनेछ।

(ग) **प्राथमिकताका आधारहरूः** स्वयंसेवक शिक्षक खटाउँदा देहायका अवस्था भएका विद्यालयलाई प्राथमिकतामा राखी खटाइनेछः

१. न्युन शिक्षक दरबन्दी भएको वा तहगत विषयगत रुपमा शुन्य वा न्यून दरबन्दी रहेको विद्यालय।

२. विद्यालयमा कार्यरत कुनै शिक्षक प्रसूति बिदा (सुत्केरी बिदा) वा लामो अवधिको बिदामा बसेको कारण पठनपाठन अवरुद्ध भएको विद्यालय।

३. प्रधानाध्यापक नियुक्तिका क्रममा अन्यत्र शिक्षक पदस्थापन भई शिक्षकको संख्या न्यून रहेको विद्यालय।

(घ) **माग पेस गर्नुपर्नेः** स्वयंसेवक शिक्षक आवश्यक परेमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले शिक्षक अभावको पुष्ट्याइँ र आवश्यकता खुल्ने निर्णयसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा लिखित माग पेस गर्नुपर्नेछ।

## परिच्छेद-३ः स्वयंसेवक शिक्षक छनोट तथा नियुक्ति प्रक्रिया

**४. स्वयंसेवक शिक्षक छनोट प्रक्रियाः** स्वयंसेवक शिक्षक छनोट प्रक्रिया देहायबमोजिम हुनेछः

(क) माडी नगरपालिका, शिक्षा, युवा तथा खेलकुद शाखाले स्वयंसेवक शिक्षकका लागि रोस्टर तयार पार्न कम्तिमा ७ दिनको म्याद राखी स्थानीय पत्रिका तथा नगरपालिकाको वेबसाइटमा विज्ञापन प्रकाशन गर्नेछ। आवश्यकताअनुसार अनलाइनमार्फत पनि आवेदन दिन सकिने व्यवस्था मिलाइनेछ।

(ख) उम्मेदवार हुन देहायका योग्यता पूरा गरेको हुनुपर्नेछः

- प्रारम्भिक बाल विकास र आधारभूत तह (कक्षा १-५) का लागि कम्तीमा कक्षा बाह्र (१२) वा सोसरह, आधारभूत तह (कक्षा ६-८) का लागि सम्बन्धित विषयमा कम्तीमा कक्षा बाह्र (१२) वा सोसरह र माध्यमिक तह (कक्षा ९-१०) का लागि कम्तीमा सम्बन्धित विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण गरेको।

- १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।
- शिक्षक सेवा आयोगबाट सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको। तर प्रारम्भिक बाल विकास शिक्षक र गणित, विज्ञान, अङ्ग्रेजी, लेखा, कम्प्युटर विषयको हकमा अध्यापन अनुमतिपत्र प्राप्त नगरेको भए तापनि सम्बन्धित विषयमा न्यूनतम शैक्षिक योग्यता हासिल गरेका व्यक्तिले आवेदन दिन सक्नेछन्।
- मानसिक सन्तुलन नबिग्रेको।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।
- भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको।

**(ग) स्वयंसेवक शिक्षक छनोट तथा योग्यताक्रम निर्धारण गर्ने मूल्याङ्कन मापदण्डः** स्वयंसेवक शिक्षक छनोटका लागि उम्मेदवारहरूको मूल्याङ्कन गर्न देहायबमोजिमको १०० पूर्णाङ्कको अङ्कभार निर्धारण गरिनेछः

**१. शैक्षिक योग्यता बापत (जम्मा ४० अङ्क):**

(क) **न्यूनतम शैक्षिक योग्यता (३० अङ्क):** न्यूनतम शैक्षिक योग्यता उत्तीर्ण गरेको श्रेणी वा ग्रेड (GPA) का आधारमा देहायबमोजिम अङ्क प्रदान गरिनेछ:

- **प्रथम श्रेणी** (वा GPA ३.२ देखि ४.० सम्म): **३० अङ्क**
- **द्वितीय श्रेणी** (वा GPA २.४ देखि ३.२ भन्दा कम): **२४ अङ्क**
- **तृतीय श्रेणी** (वा GPA १.६ देखि २.४ भन्दा कम): **१८ अङ्क**

(ख) **माथिल्लो शैक्षिक योग्यता (१० अङ्क):** न्यूनतम योग्यताभन्दा एक तह माथिल्लो तह उत्तीर्ण गरेको भएमा श्रेणी वा ग्रेड (GPA) का आधारमा देहायबमोजिम थप अङ्क प्रदान गरिनेछ:

- **प्रथम श्रेणी** (वा GPA ३.२ देखि ४.० सम्म): **१० अङ्क**
- **द्वितीय श्रेणी** (वा GPA २.४ देखि ३.२ भन्दा कम): **८ अङ्क**
- **तृतीय श्रेणी** (वा GPA १.६ देखि २.४ भन्दा कम): **६ अङ्क**

*(ग) श्रेणी वा ग्रेड नखुलेको तर प्राप्ताङ्क प्रतिशत मात्र उल्लेख भएको प्रमाणपत्रको हकमा सम्बन्धित विश्वविद्यालय वा परीक्षा बोर्डको नियमानुसार कायम हुने श्रेणी यकिन गरी सोहीबमोजिमको अङ्क प्रदान गरिनेछ।*

**२. अध्यापन अनुमतिपत्र बापत (जम्मा १० अङ्क):** सम्बन्धित तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको भए १० अङ्क। माथिल्लो तहको स्थायी अनुमतिपत्र प्राप्त भएको खण्डमा तल्लो तहको समेत अङ्क प्रदान गरिनेछ।

**३. तालिम बापत (जम्मा १० अङ्क):**

- **१० अङ्कः** शिक्षा शास्त्रमा कक्षा १२ वा स्नातक (B.Ed.) वा स्नातकोत्तर (M.Ed.) वा शिक्षा विषयमा एकवर्षे बी.एड. वा दश महिने वा सोसरहको शिक्षण तालिम प्राप्त गरेको भए।
- **७ अङ्कः** अन्य संकायबाट उत्तीर्ण भई शिक्षा विषयमा मान्यता प्राप्त शिक्षण तालिम लिएको भए।

- **५ अङ्कः** तालिम नभएका (गणित/विज्ञान/अङ्ग्रेजी/लेखा/कम्प्युटर विषयका) उम्मेदवारका हकमा।

**४. शिक्षण अनुभव बापत (जम्मा १५ अङ्क)ः** मान्यता प्राप्त सामुदायिक विद्यालयमा सम्बन्धित तह र विषयमा अस्थायी वा राहतमा शिक्षण गरेको अनुभवका आधारमा (अनुभव खुल्ने कागजात पेस गरेमा) प्रतिवर्ष ३ अङ्कका दरले अधिकतम १५ अङ्क। *(एक वर्षभन्दा कम अवधिको अनुभवको हकमा दामासाहीका आधारमा महिनाको हिसाब गरी अङ्क प्रदान गरिनेछ।)*

**५. भौगोलिक क्षेत्र तथा स्थानीय प्राथमिकता बापत (जम्मा १० अङ्क)ः**

- **५ अङ्कः** माडी नगरपालिकाको स्थायी बासिन्दा (नागरिकता वा सूचना प्रकाशन हुनुभन्दा कम्तीमा ६ महिना अगाडिको बसाईंसराइ दर्ता प्रमाणपत्रका आधारमा) भएमा।
- **५ अङ्कः** माडी नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा यसअघि स्वयंसेवक शिक्षकका रूपमा सेवा पुऱ्याएको भएमा (प्रतिवर्ष १ अङ्कका दरले अधिकतम ५ अङ्क, एक वर्षभन्दा कम अवधिको हकमा दामासाहीका आधारमा)। तर शिषण अनुभव र स्वयम् सेवक शिक्षकको दोहोरो अङ्क दिइने छैन ।

**६. अन्तर्वार्ता बापत (जम्मा १५ अङ्क)ः** विषयगत ज्ञान (७ अङ्क), समसामयिक/नीतिगत ज्ञान (५ अङ्क), र बानी-व्यवहार/आत्मविश्वास (३ अङ्क) गरी छनोट समितिले अधिकतम १५ अङ्क प्रदान गर्नेछ।

**(घ)** अन्तर्वार्ता सञ्चालन गर्न नगर शिक्षा अधिकारीको संयोजकत्वमा विषय विज्ञसहितको ३ सदस्यीय 'छनोट तथा अन्तर्वार्ता समिति' गठन गरिनेछ।

**(ङ)** उपर्युक्त खण्ड (ग) बमोजिम प्राप्त कुल अङ्कहरूको योगका आधारमा उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूको योग्यताक्रम सूची (रोस्टर) तयार गरी प्रकाशन गरिनेछ। यसरी तयार गरिएको रोस्टर सूची यसै कार्यविधिबमोजिम अर्को रोस्टर सूची प्रकाशन नभएसम्म मान्य हुनेछ।

**(च)** समान अङ्क प्राप्त भएको अवस्थामा न्यूनतम शैक्षिक योग्यतामा बढी अङ्क ल्याउनेलाई, सो पनि समान भएमा माथिल्लो शैक्षिक योग्यतामा बढी अङ्क ल्याउनेलाई र सो पनि समान भएमा उमेरमा जेठो उम्मेदवारलाई योग्यताक्रममा अगाडि राखिनेछ।

**५. स्वयंसेवक शिक्षक नियुक्त गर्नेः** (१) दफा ४ बमोजिम सूचीकृत भएका उम्मेदवारहरूलाई योग्यताक्रम र विद्यालयको माग आवश्यकताको आधारमा नगर शिक्षा अधिकारीले सिफारिस गरी पठाउनेछ।

(२) नगर शिक्षा अधिकारीको सिफारिसमा सम्बन्धित विद्यालयको व्यवस्थापन समितिले अनुसूची-२ बमोजिमको ढाँचामा करार सम्झौता गरी शिक्षक नियुक्ति गर्नेछ। नगरपालिकाबाट सिफारिस भएको व्यक्तिलाई नियुक्ति दिई करार गर्ने दायित्व सम्बन्धित विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

(३) कुनै स्वयंसेवकले कार्य अवधि पूरा नहुँदै सेवा छाडेमा रिक्त स्थानमा बाँकी अवधिका लागि रोस्टरमा रहेको योग्यताक्रमका आधारमा अर्को व्यक्तिलाई सिफारिस र नियुक्ति गरिनेछ।

**६. स्वयंसेवक शिक्षकलाई पेसागत अभिमुखीकरण गरिनेः**

(१) स्वयंसेवक शिक्षकलाई विद्यालयमा खटाउनुपूर्व नगरपालिकाले एक दिनको पेसागत अभिमुखीकरण तालिम प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभिमुखीकरणमा सहभागी नभएका व्यक्तिलाई विद्यालयमा खटाइनेछैन।

**७. विद्यालयमा हाजिर भई कामकाज गर्नेः**

(१) स्वयंसेवक शिक्षक सिफारिस भएको मितिले ७ दिनभित्र सम्बन्धित विद्यालयमा नियुक्त भई हाजिर हुने र कार्य प्रारम्भ गर्नुपर्नेछ। सो अवधिभित्र हाजिर भई कामकाज प्रारम्भ नगरेमा नियुक्ति सिफारिस स्वतः बदर हुनेछ।

(२) विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको स्वयंसेवक शिक्षकलाई प्रधानाध्यापकले नियमित कामकाज गर्न लगाई सोको जानकारी नगरपालिकाको शिक्षा शाखालाई दिनुपर्नेछ।

## परिच्छेद-४ः स्वयंसेवक शिक्षकको आचरण र सेवाका सर्त

**८. स्वयंसेवक शिक्षकका काम, कर्तव्य र अधिकारः** (१) स्वयंसेवक शिक्षक सामान्यतया प्रशासनिक रूपमा विद्यालयका प्रधानाध्यापक र व्यवस्थापन समितिसँग उत्तरदायी हुनुपर्नेछ।

(२) विद्यालयले तोकेको कक्षा र विषय अध्यापन गर्नु/गराउनुपर्नेछ र शैक्षिक वातावरण सुधारमा सहयोग गर्नुपर्नेछ।

(३) स्वयंसेवक शिक्षकले हप्तामा न्यूनतम २० पिरियड (कक्षा) अध्यापन गर्नुपर्नेछ।

(४) पाठ्यक्रमले निर्धारण गरेबमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिक स्तर मूल्याङ्कन गर्ने तथा विद्यालयले तोकेका अन्य कार्यहरू गर्नुपर्नेछ।

**९. स्वयंसेवक शिक्षकको सेवाका सर्त र सुविधाः** (१) स्वयंसेवक शिक्षकले विद्यालयमा गरेको कामकाजका आधारमा प्रधानाध्यापकले हाजिरी प्रमाणित गरी नगरपालिकामा पेस गरेपछि विद्यालयले आफ्नै स्रोत वा नगरपालिकाको अनुदानबाट तपसिल बमोजिमको मासिक निर्वाह खर्च (यातायात, खाजा, सञ्चार, आवास, जिविकोपार्जन लगायत गरी) उपलब्ध गराउनुपर्नेछः

(क) प्रारम्भिक बाल विकास स्वयम् सेवक शिक्षकका लागि मासिक रु. १५०००।-(पन्ध्र हजार रुपैंया मात्र)

(ख) आधारभूत तह (कक्षा १ देखि ५ सम्म) का लागिः मासिक रु. २५,५००।-(पच्चीस हजार पाँच सय रुपैयाँ)

(ग) आधारभूत तह (कक्षा ६ देखि ८ सम्म) का लागिः मासिक रु. २८,५००।-(अठ्ठाईस हजार पाँच सय रुपैयाँ)

(घ) माध्यमिक तह (कक्षा ९ देखि १० सम्म) का लागिः मासिक रु. ३५,५००।-(पैंतीस हजार पाँच सय रुपैयाँ)

(ङ) सुत्केरी बिदा वा लामो समयको बिदामा बसेका शिक्षकको सट्टामा स्वयम् सेवक शिक्षक व्यवस्थापन गर्दा सोही अनुपातमा काम गरेको अवधि हिसाब गरी निर्वाह खर्च उपलब्ध गराइनेछ ।

(च) यस अघि प्रारम्भिक बाल विकास स्वयम् सेवक शिक्षकका रुपमा नियुक्त भई निरन्तर रुपमा कार्यरत शिक्षकले उपदफा (क) बमोजिमकै निर्वाह खर्च र चाडपर्व खर्च (वर्षमा एकपटक असोज महिनामा) प्राप्त गर्नेछन् ।

(२) **थप सुविधाः** स्वयंसेवक शिक्षकलाई चाडपर्व खर्च (वर्षमा एकपटक असोज महिनामा) र वार्षिक पोशाक भत्ता (चैत महिनामा) उपलब्ध गराइनेछ। तर ६ महिनाभन्दा कम अवधि अध्यापन गर्ने शिक्षकलाई चाडपर्व खर्च र वार्षिक पोशाक भत्ता उपलब्ध गराइने छैन ।

(३) **बिदाका प्रावधानहरूः**

(क) विद्यालयमा रुजु हाजिरीको आधारमा प्रत्येक महिना १ दिन भैपरी आउने वा पर्व बिदा लिन पाइनेछ।

(ख) आफ्नो रीत र परम्पराअनुसार बढीमा १५ दिन किरिया बिदा पाइनेछ।

(ग) बिदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ।

(४) **सरुवा नहुनेः** सामान्यतयाः स्वयंसेवक शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुन सक्नेछैन। सरुवा गर्नुपर्ने भएमा कारणसहित नगर शिक्षा समितिले गर्नेछ ।

(५) **पूर्वजानकारी गराउनुपर्नेः** स्वयंसेवक शिक्षकले कुनै कारणवश कार्य अवधि पूरा नहुँदै सेवा छाड्नुपरेमा कम्तीमा दुई महिना अगावै सम्बन्धित विद्यालयलाई लिखित जानकारी गराउनुपर्नेछ।

**१०. स्वयंसेवक शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताः**

(क) आफूले गरेको सम्झौताअनुसारका कार्यहरू इमानदारीपूर्वक सम्पन्न गर्ने।

(ख) निर्धारित समयमा नियमित रूपले विद्यालयमा आए/गएको समय जनाई हाजिरी गर्ने र पहिले बिदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित नहुने।

(ग) सबै विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार गर्ने।

(घ) कुनै भाषा, धर्म तथा सम्प्रदायविरोधी भावना शिक्षक तथा विद्यार्थीसमक्ष फैलाउन नहुने।

(ङ) राजनीतिक आस्थाका आधारमा विद्यार्थी र शिक्षकसँग भेदभावपूर्ण व्यवहार गर्न पाइनेछैन र कुनै पनि राजनीतिक दलको गतिविधिमा संलग्न हुन पाइनेछैन।

(च) नेपाल सरकार र नगरपालिकाको विद्यमान नीति, नियम र कानुनविपरीतको कार्य नगर्ने।

(छ) राष्ट्रियता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पार्ने अभिव्यक्ति दिन पाइनेछैन।

(ज) इमानदार, शिष्ट, नम्र, पारदर्शी र सदाचार व्यवहार अवलम्बन गर्ने।

## परिच्छेद-५ः मूल्याङ्कन, अनुगमन, करार र विविध

**११. कार्यसम्पादन मूल्याङ्कन र अनुगमनः** (१) स्वयंसेवक शिक्षकले गरेको कार्यसम्पादनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

(२) प्रधानाध्यापकले उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउनुपर्नेछ।

(३) शिक्षकको नियमित अनुगमन गर्न प्रथम दायित्व प्रधानाध्यापकको हुनेछ । प्रधानाध्यापकद्वारा नियमित अनुगमन नभएमा वा आवश्यकताअनुसार नगरपालिकाले विद्यालयमै पुगी स्थलगत अनुगमन गर्न सक्नेछ।

(४) कार्यसम्पादन मूल्याङ्कन अनुसूची-३ बमोजिम 'उत्तम' वा 'अति उत्तम' भएमा र नगरपालिकामा बजेट सुनिश्चित भएमा बढीमा एक शैक्षिक सत्रका लागि म्याद थप गर्न सकिनेछ।

**१२. करार रद्द वा अवकाश हुने अवस्थाः** प्रधानाध्यापकको सिफारिसमा विद्यालय व्यवस्थापन समितिले देहायको अवस्थामा स्वयंसेवक शिक्षकलाई जुनसुकै बखत करार रद्द गरी अवकाश दिन सक्नेछः

(क) सम्झौता बमोजिमको अवधि समाप्त भएमा वा नगरपालिकाबाट बजेट विनियोजन नभएमा ।

(ख) स्वेच्छिक रूपले अवकाश लिने इच्छा गरी दुई महिना पूर्व लिखित निवेदन दिएमा।

(ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा।

(घ) खराब आचरण प्रदर्शन गरेमा वा यस कार्यविधिमा तोकिएको आचारसंहिता पूर्ण रूपमा पालना नगरेमा।

(ङ) विना सूचना पन्ध्र (१५) दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा।

(च) कार्यसम्पादन मूल्याङ्कन 'सामान्य/न्यून' भई सन्तोषजनक रूपमा कार्य सम्पादन नगरेमा।

तर खण्ड (घ), (ङ) र (च) बमोजिम करार रद्द गर्नुअघि निजलाई सफाइ पेस गर्ने उचित मौकाबाट वञ्चित गरिनेछैन।

**१३. सङ्घ-संस्थाको सहयोग लिन सक्नेः**

स्वयंसेवक शिक्षक परिचालनमा सहयोग गर्न चाहेमा यस कार्यविधिको अधीनमा रही सरकारी तथा गैरसरकारी सङ्घ-संस्थाले नगरपालिकासँग आवश्यक सम्झौता गरी लगानी वा सहकार्य गर्न सक्नेछन्।

**१४. शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गरिनेः** स्वयंसेवक शिक्षकले सम्झौता बमोजिमको कार्य अवधि पूरा गरेपछि सम्बन्धित विद्यालयको सिफारिसमा नगरपालिकाले निजलाई सम्मानस्वरूप अनुसूची -४ को ढाँचामा 'शिक्षण अनुभवको प्रमाणपत्र' प्रदान गर्नेछ।

**१५. कार्यविधिमा संशोधन गर्न सक्नेः**

स्वयंसेवक शिक्षकको काम, कर्तव्य र आचरण तथा छनोट विधिमा प्रस्तावनाको प्रतिकूल नहुने गरी नगर कार्यपालिकाले आवश्यकतानुसार कार्यविधिमा थपघट वा संशोधन गर्न सक्नेछ।

**१६. खारेजी र बचाउः**

(१) यो कार्यविधि लागू भएपछि यसअघि जारी गरिएको "माडी नगरपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७" खारेज गरिएको छ।

(२) यो कार्यविधि लागू हुनुपूर्व माडी नगरपालिका स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम भए गरेका कामकारबाहीहरू यसै कार्यविधिबमोजिम भए सरह मानिनेछन्।

## अनुसूची-१
## (दफा ४ सँग सम्बन्धित)
## स्वयंसेवक शिक्षक पदको लागि आवेदन फारम

श्री नगर शिक्षा अधिकारीज्यू,
शिक्षा, युवा तथा खेलकुद शाखा,
माडी नगरपालिका कार्यालय, चितवन।

**विषयः स्वयंसेवक शिक्षक कार्यक्रममा सहभागी हुन पाऊँ।**

उपर्युक्त सम्बन्धमा माडी नगरपालिकाको मिति ............................. मा प्रकाशित सूचनाअनुसार म स्वयंसेवक शिक्षक पदमा नियुक्तिका लागि तोकेका सर्त र प्रक्रिया पालना गर्न मञ्जुर छु भनी आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि यसै निवेदनसाथ संलग्न राखी पेस गरेको छु।

**१. निवेदकको विवरणः**

नाम, थर (नेपालीमा): ..............................................................
नाम, थर (अंग्रेजीमा ठूलो अक्षरमा): ..............................................................
जन्म मितिः .............................. उमेरः ....... वर्ष ....... महिना
बाबुको नामः ........................................ आमाको नामः ........................................

**२. ठेगाना र सम्पर्कः**

स्थायी ठेगानाः जिल्ला................ पालिका................ वडा नं. ................ टोल ................
सम्पर्क फोन नम्बरः ........................................ इमेलः ........................................

**३. शैक्षिक योग्यताको विवरणः**

| क्र.सं. | शैक्षिक उपाधि/तह | उत्तीर्ण गरेको शिक्षण संस्था/बोर्ड | उत्तीर्ण वर्ष | श्रेणी/GPA | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**४. अध्यापन अनुमतिपत्र (Teaching License) को विवरणः**

अनुमतिपत्र नम्बरः ........................................ तहः ........................ विषयः ........................
जारी मितिः ..............................

**५. तालिम र अनुभवको विवरण (भएमा):**

(क) शिक्षणसम्बन्धी तालिम (I.Ed/B.Ed/M.Ed वा अन्य):
........................................................................

(ख) शिक्षण अनुभव (वर्ष/महिना): ....................... कुन तह/विषयमा: .......................................

**६. संलग्न कागजातहरूः**

() नेपाली नागरिकताको प्रमाणपत्र

() शैक्षिक योग्यताका प्रमाणपत्रहरू

() अध्यापन अनुमतिपत्र

() तालिम र अनुभव खुल्ने पत्रहरू

मितिः ..............................

निवेदकको दस्तखतः ..............................

ल्याप्चे (दायाँ): ............... (बायाँ): ...............

**अनुसूची-२**

**(दफा ५ को उपदफा २ सँग सम्बन्धित)**

**स्वयंसेवक शिक्षक करार सम्झौता फारम**

चितवन जिल्ला, माडी नगरपालिकाअन्तर्गतको विद्यालयका लागि स्वयंसेवक शिक्षक करार गरी काम गराउने सम्बन्धमा श्री **...................................... विद्यालय व्यवस्थापन समिति**, जसलाई यसपछि 'प्रथम पक्ष' भनिनेछ र ...................... जिल्ला, ..................................... नगरपालिका वडा नं. ................ बस्ने श्री ....................................... को छोरा/छोरी श्री **.......................................**, जसलाई यसपछि 'दोस्रो पक्ष' भनिनेछ, का बीच मिति .......................... गते सम्पन्न करार सम्झौता।

**सर्तहरूः**

१) दोस्रो पक्षले प्रचलित शिक्षा ऐन, नियमावली तथा माडी नगरपालिकाको स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८३ अनुसार शिक्षक आचारसंहिता पूर्ण रूपमा पालना गर्ने।

२) दोस्रो पक्षले विद्यालय सञ्चालन हुने समयमा अनिवार्य रूपमा उपस्थित रही हप्तामा न्यूनतम २० पिरियड अध्यापनलगायत तोकिएका अन्य जिम्मेवारीहरू पूरा गर्ने र नतिजाप्रति पूर्ण रूपमा जवाफदेही रहने।

३) प्रथम पक्षले दोस्रो पक्षलाई कार्यविधिको दफा ९(१) बमोजिमको तहगत मासिक निर्वाह खर्च तथा कार्यविधिले तोकेबमोजिमको सेवा सुविधा उपलब्ध गराउने।

४) दोस्रो पक्षले कार्यविधिले तोकेबाहेक अन्य कुनै प्रकारको सेवा सुविधा दाबी गर्न पाउने छैन।

५) दोस्रो पक्षले कार्य अवधि पूरा नहुँदै सेवा छाड्नुपरेमा कम्तीमा दुई महिना अगावै प्रथम पक्षलाई लिखित जानकारी गराउनुपर्नेछ।

६) कार्यसम्पादन सन्तोषजनक नभएको वा आचारसंहिता पालना नभएको पाइएमा प्रथम पक्षले आवश्यक सफाइको मौका दिई जुनसुकै बेला करार रद्द गर्न सक्नेछ।

७) यो करार सम्झौता मिति .......................... गतेबाट मिति .......................... सम्म (बढीमा एक शैक्षिक सत्र) लागू हुनेछ।

| प्रथम पक्ष (अध्यक्ष, विद्यालय व्यवस्थापन समिति) | दोस्रो पक्ष (स्वयंसेवक शिक्षक) |
|---|---|
| नामः | नामः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |

**रोहवर (प्रधानाध्यापक)**

नामः .........................................

दस्तखतः .........................................

मितिः .........................................

**अनुसूची-३**

**(दफा ११ को उपदफा ३ सँग सम्बन्धित)**

**स्वयंसेवक शिक्षकको कार्यसम्पादन मूल्याङ्कन फारम**

*(सम्बन्धित विद्यालयको प्रधानाध्यापकले भर्ने)*

शिक्षकको नामः ......................................... तहः ......................... विषयः .........................

विद्यालयको नामः ..................................................................

| क्र.सं. | मूल्याङ्कनका आधारहरू | अति उत्तम (२.५) | उत्तम (२.०) | सामान्य (१.५) | न्यून (१.०) |
|---|---|---|---|---|---|
| १ | विषयवस्तुको ज्ञान | | | | |
| २ | शिक्षण पेसाप्रतिको निष्ठा, लगनशीलता र आचारसंहिताको पालना | | | | |
| ३ | विद्यालयको शैक्षिक गुणस्तरप्रति देखाउने तदारुकता र जिम्मेवारी बोध | | | | |
| ४ | शिक्षण सिकाइ विधि र सीपको प्रयोग | | | | |
| ५ | विद्यालय समयको पालना, सदुपयोग तथा कक्षा व्यवस्थापन | | | | |
| ६ | अतिरिक्त क्रियाकलापप्रति सक्रियता एवम् संलग्नता | | | | |
| ७ | शैक्षणिक सामग्री सङ्कलन, निर्माण र प्रयोग | | | | |
| ८ | विद्यार्थीको प्रगतिको अद्यावधिक अभिलेख र अभिभावकलाई जानकारी | | | | |
| कुल अङ्क | | | | | |

(कुल २० अङ्कमा १६ देखि २० अङ्क प्राप्त गरेमा 'अति उत्तम', १२ देखि १६ भन्दा कम अङ्क प्राप्त गरेमा 'उत्तम', ८ देखि १२ भन्दा कम अङ्क प्राप्त गरेमा 'सामान्य' र ८ भन्दा कम प्राप्त गरेमा 'न्यून' मानिनेछ।)

मूल्याङ्कनको निष्कर्ष (म्याद थप गर्न सिफारिस गर्ने वा नगर्ने):

.......................................................................

प्रधानाध्यापकको दस्तखतः ..............................

नामः ........................................

मितिः ..............................

(विद्यालयको छाप)

आज्ञाले

जनक थापा

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची-४**
**(दफा १४ सँग सम्बन्धित)**
**शिक्षण अनुभवको प्रमाणपत्रको ढाँचा**
**माडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**शिक्षा, युवा तथा खेलकुद शाखा**
बसन्तपुर, चितवन, बागमती प्रदेश

पत्र सङ्ख्याः
चलानी नं.: मितिः ..........................

**प्रमाणपत्र**

................. जिल्ला ..................... नगरपालिका वडा नं. ...... स्थायी ठेगाना भएका श्री/श्रीमती/सुश्री ...................................................... ले यस नगरपालिका अन्तर्गतको श्री ...................................................... विद्यालयमा मिति .......................... देखि मिति .......................... सम्म ........................ तहको ........................ विषयमा **स्वयंसेवक शिक्षक** का रूपमा रही शिक्षण कार्य गर्नुभएकोले उहाँको स्वयंसेवक सेवाको उच्च मूल्याङ्कन गर्दै "स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८३" को दफा १४ बमोजिम यो शिक्षण अनुभवको प्रमाणपत्र प्रदान गरिएको छ। भविष्यमा पनि यहाँको शैक्षिक योगदान रहने विश्वाससहित यहाँको उज्ज्वल भविष्यको कामना गर्दछौं।

.......................................
**(नगर शिक्षा अधिकारी)**